# SAMPLE QUESTION PAPER (2022-2023)

## Code -024

## विषय-नेपाली

## कक्षा- X

### भाग-एक

### खण्ड-क (अपठित गद्यांश)

निर्धारित समय : **3** घण्टा                                                   अधिकतम अङ्क : **80**

**सामान्य निर्देश**

- निम्नलिखित निर्देशनलाई ध्यानपूर्वक पढ़ेर पालन गर्नुहोस्।
- यो प्रश्नपत्र दुई भागमा बाँड़िएको छ, भाग-**1** अनि भाग-**2**
- भाग एकमा **58** वटा वस्तुपरक प्रश्नहरू सोधिएका छन्। जम्मा **40** वटा प्रश्न अनिवार्छ छ।
- भाग दुईमा **20** वटा वर्णणात्मक प्रश्न सोधिएका छन्। जसमा कूल **16** वटा प्रश्न अनिवार्छ छ।

निम्नलिखित दुईवटा गद्यांशबाट कुनै एकमा दिइएका प्रश्नहरूका उत्तर लेख्नुहोस्। **(1X5 = 5)**

मानव जीवनमा सदाचारको ठूलो महत्त्व रहेको छ। संसारका महापुरुषहरू सदाचारी बनेर नै आफ्नो लक्ष्य प्राप्त गर्न सफल भएका छन्। सदाचारी हुनका लागि हामीले ब्रह्मचार्य पालन गर्नुपर्छ। जीवनका समस्त गुण समृद्धि औ वैभवको आधारशिला नै सदाचार हो। सदाचारी हुनु मानवता प्राप्त गर्नु हो। सदाचारी व्यक्तिले समाजमा सधैँ इज्जत पाउँछ। **आचारहीन**लाई कसैले पनि सम्मान गर्दैन र साथ पनि दिदैन। **आचारहीन** व्यक्ति पशु अथवा राक्षससमान हुन्छन्। **रावसित** धन, बल, विद्या सबै भए पनि दुराचारको कारणले उसको सम्पूर्ण कुरा नाश भएको थियो। डरको भावनालाई नियन्त्रण गरेर हाम्रो हृदयमा उच्चआदर्श निर्माण गर्नु आवश्यक छ। जो डराउछ उसले आफ्नो चरित्रको विकास गर्न सक्दैन।

नराम्रो वातावरणबाट आफुलाई टाढ़ा राखेर राम्रा गुणहरू विकास गर्न सकिन्छ। आफ्नो चरित्र राम्रो बनाउनका लागि सधैँ असल एवम् बुद्धिमान व्यक्तिहरूको सङ्गत गर्नुपर्छ। नराम्रो विचार छोड़ेर मनमा राम्रो विचार ल्याउन पर्छ। सदाचार नभएको मानिस कहिल्यै पूजनीय हुन सक्तैन। वर्तमान समाजमा नैतिक शिक्षाको अभावका कारण युवा युवतीहरू सदाचारको महत्त्व राख्तैनन्। प्रत्येक मानिस सदाचारी बनेमात्र देशको वास्तविक विकास सम्भव हुन्छ।

**1.** संसारका महापुरुषहरूले आफ्नो लक्ष्य कसरी प्राप्त गरेका छन्?

i. आज्ञाकारी भएर।

ii. ज्ञानी बनेर।

iii. सदाचारी बनेर।

iv असल पुरुष बनेर।

| | |
|---|---|
| **2.** | **सदाचारी व्यक्तिले समाजमा.....पाउँछ।**<br>i. धन।।<br>ii. इज्जत।<br>iii. अपमान।<br>iv. यश। |
| **3.** | **हामीले के निर्माण गर्नुपर्छ?**<br>i. ज्ञान।<br>ii. विज्ञान।<br>iii. परिवेश।<br>iv. उच्च आदर्श। |
| **4.** | **वर्तमान समयमा के-को अभवा छ?**<br>i. नैतिक शिक्षा।<br>ii. उचित नीति।<br>iii. व्यावहारिक शिक्षा।<br>iv. विश्वास। |
| **5.** | **सदाचारी शब्दको विपरीत शब्द......।**<br>i. व्यभिचारी।<br>ii. दुराचारी।<br>iii. विचारी।<br>iv. आचारहीन। |

## अथवा

मारूनी नाच सारा संसारमा बसोबासो गर्ने नेपाली जातिको परम्परागत लोकनृत्य हो। केटा मान्छेलाई केटीका परम्परागत लुगाहरू लगाएर मारूनी बनाई मादलको तालमा रामायण, महाभारत आदि पौराणिक कथाहरूमा आधारित गीतहरू गाएर नाचिने नाच हो। परम्परागत रूपमा नाचिने यो नाच प्रायः दशैँ, तिहार, तीज आदि पर्वमा नाचिन्थ्यो। मारूनी नाच शुरू गर्नलाई नाच बाँध्ने भनिन्छ। नाच बन्द गर्नुलाई नाच फुकाउने भनिन्छ। मादलको तालमा मारूनी र मादले नाच्ने यस नाचमा ताल पनि परम्परागत नै हुन्छ।

यस नाचका पात्र-पात्राहरूमा मादले, मारूनीहरू, एक पुर्सिङ्गे, कम्तीमा आठजना बढीमा बीसजना गायकहरू मिलेर समूहगत रूपमा नाचिने यस परम्परागत नृत्यमा सबै काम नियम पूर्वक हुनु पर्ने परम्परा छ। पुर्सिङ्गे भनेको हस्यौली-ठट्यौली गर्ने ढँटुवारे पात्र हो। आरम्भपछि देवी बन्दना गर्ने देवी गीतगाएरमात्र नृत्य अगाडिबढाइन्छ। यसैगरी रामायण, महाभारतका गाथाहरू गाएर नाच्ने र बीचबीचमा ख्याली र टप्पा गाएर रमाइलो गर्ने चलन पनि छ। ख्याली भनेको खैँजड़ी बजाउँदै गाइने

चुड्के लोकगीत र टप्पा भनेको एक किसिमको चुड्के राग हो। नाचको अन्तमा आशिक गीत गाएर बिट मारिसकेपछि ठोकन राखेर नाच समाप्त गरिन्छ। मारूनी नाच बाँध्ने र फुकाउने समयमा देवीको पूजा गरिने भएकोले यस नाचलाई देवीको नाच पनि भनिन्छ।

आधुनिक कालमा भारत, नेपाल र विश्वका अनेक ठाउँमा बस्ने नेपालीहरूले गर्ने मारूनी नाचका गीतमा एकरूपता पाइए पनि गीतको प्रयोग हुने लय, ताल र शब्दहरूमा विविधता पाइन्छ। आजभोलि प्रायः उत्सव एवं कार्यक्रमहरूमा यो नाच नाचिन्छ।

**6.** **मारूनी नाचमा कस्तो लुगा लगाइन्छ?**

i. परम्परागत।

ii. आधुनिक।

iii. दुवै (परम्परागत र आधुनिक)।

iv. साधारण।

**7.** **मारूनी नाच शुरू गर्नुलाई के भनिन्छ?**

i. नाच बाँध्ने।

ii. नाच खोल्ने।

iii. नाच आरम्भ गर्ने।

iv. नाच फुकाउने।

**8.** **पुर्सिङ्गे कस्तो पात्र हो?**

i. मादल बजाउने।

ii. मारूनी नाच्ने।

iii. मारूनी गीत गाउने।

iv. हस्यौली-ठट्यौली गर्ने।

**9.** **ख्याली भनेको .......गीत हो।**

i. चुड्के राग।

ii. चुड्के लोक गीत।

iii. परम्परागत लोक गीत।

iv. आधुनिक गीत।

**10.** **मारूनी नाचको अर्को नाम के हो?**

i. केटाको नाच।

ii. देवीको नाच।

iii. मादलेको नाच।

iv. पुर्सिङ्गेको नाच।

निम्नलिखित दुईवटा काव्याङ्‌शबाट कुनै एकमा दिइएका प्रश्नहरूका उत्तर लेख्नुहोस्।  (1X5 = 5)

वसन्त आयो, हेरन साथी आनन्द रचायो,
मानव-दिलको आपत्ति हरी हर्षित गरायो।
कोइली हेर, गाउन थालिन् सुसन्देश लिएर,
माथि र तल उफ्रन थाले, प्रेम-प्रीति जोड़ेर।
झलमल हेर, नीलाम्बर ती सौन्दर्य ताराको,
दिलको धड़कन बिर्सेर हाम्रो परिचित गराको।
जीवनमा हाम्रो, आउँछ है गुन, वसन्त एक चोटि,
क्षणिक छ यो, वसन्तको बेला, कर्त्तव्य छ कोटि।
जीवनमा आ'को वसन्त बहार गर्नुछ स्वागत,
यो प्रण गरौँ, वसन्त बहार नजाओस् फगत।
सूर्यास्त भए जीवन सपना विपना हुनेछ,
बहार, सौन्दर्यपूर्ण निष्क्रिय हुनेछ।

त्यसैले साथी जागेर उठौं सूर्यास्त हुने भो,
मानवताको पाठ सिकाई सार्थक हुने हो।
वसन्त जाला हर ‘‘ ‘‘ ‘‘ ‘‘ उड़ी आउँदैन फर्केर,
क्षितिज पारी, पुगेर हेर्छ, मुसुक्क हाँसेर।
नेपाली हामी जुर्मुराई उठौं; वसन्त रछानमा,
सुषुप्त दिलको भाव पखाली, उठौंन मचानमा।
शीतको विन्दु हामीलाई भन्छ, जीवन छ क्षणभर,
शीतल विन्दु टलपल गर्दै, भन्दछ क्यै गर।
जीवन हाम्रो, शीत-
विन्दुसरी जानेछ सुकेर,
सुनौला बिहान, एक फेर चुके, आउँदैन फर्केर।

**11.** कुन ऋतुको आगमनमा दिल आनन्दित हुन्छ?

i. शिशिर।

ii. ग्रीष्म।

iii. वसन्त।

iv. शरद।

**12.** ताराको सौन्दर्य कहाँ झलमल हुन्छ?

i. धरतीमा।

ii. नीलाम्बरमा।

iii. क्षितिजमा।

iv. डाँड़ापारि।

| | |
|---|---|
| **13.** | **क्षणिकको अर्थ के हो ?**<br>i. लामो समय।<br>ii. छोटो समय।<br>iii. रातको समय।<br>iv. दिनको समय। |
| **14.** | **वसन्तको समयमा प्रेम प्रीति जोड़ेर को खुशीले उफ्रन्छ ?**<br>i. तारा।<br>ii. कोइली।<br>iii. शीतको।<br>iv. मुनाल। |
| **15.** | **के उड़ेर गएपछि फर्केर आउँदैन ?**<br>i. बादल।<br>ii. वसन्त ।<br>iii. कोइली।<br>iv. शीतको विन्दु। |

## अथवा

मेरा लोग्ने शहीद भए सिमानामा,
मेरो सिन्दूर लथपथ पोखियो माटोमा,
मेरो जिन्दगी सोसियो यही धरतीमा,
मेरो पोतेले यही भूमि हरियो बनाएँ,
शत्रुहरूलाई भित्र पस्न नदिनु
मैले मेरा बाइँ र चुराहरूले लक्ष्मण रेखा कोरे,
मेरो त्यागको घेरोभित्र तिमी सुरक्षित छौ
फेरि म कसरी विधवा ?
मेरा लोग्ने सिमानामा छटपट गरिरहेका बेला
तिमी देशवासी असुरक्षाको भयले काँपिरहेका थियौ।
मेरा लोग्ने रगतको हिउँ जमिँदा
तिमी देशवासी घरभित्र मकल तापिरहेका थियौ।
आफ्नो जिन्दगी बाजी लगाइरहँदा मेरा पतिले
तिमी देशवासी निर्धक्क सुतिरहेका थियौ।
मृत्यु जागेर शहीद भएका मेरा पति
देश बचाउनलाई मरेका छन् मेरा पति !
देश बाँचिरहेको छ भने
फेरि म कसरी विधवा ?

| | |
|---|---|
| **16.** | लोग्ने कहाँ शहीद भएका छन्? <br> i. लड़ाईमा। <br> ii. माटोमा। <br> iii. सिमानामा। <br> iv. भूमिमा। |
| **17.** | बाइँ र चुराहरूले के गरे भनिएको छ? <br> i. हातमा सजिए। <br> ii. दोकानमा राखिए। <br> iii. शोभा बड़ाए। <br> iv. लक्ष्मण रेखा कोरे। |
| **18.** | सिमानामा लोग्ने छटपट गरिरहेको बेला देशवासी किन कापिरहेका थिए? <br> i. असुरक्षाको भयले। <br> ii. मृत्युको भयले। <br> iii. विधवा हुने भयले। <br> iv. शत्रुको भयले |
| **19.** | पति के को निम्ति शहीद भएका छन्? <br> i. संसार बचाउँनको निम्ति। <br> ii. श्रीमती बचाउँनको निम्ति। <br> iii. देश बचाउँनको निम्ति। <br> iv. भूमि बचाउँनको निम्ति |
| **20.** | यहाँ विधवा नभएको कुरा कसरी गरिएको छ? <br> i. लोग्ने जिवित भएकाले। <br> ii. देश बाचिरहेकाले। <br> iii. आफ्नो मृत्यु नभएकाले। <br> iv. लोग्ने-स्वस्नी सगैं भएकाले। |

## खण्ड-ख (व्याकरण)

तल दिएका प्रश्नसङ्ख्या 21 देखि 38 सम्मका 18 वटा प्रश्नमध्ये कुनै (16 वटा)-को सही उत्तर लेख्नुहोस् । **(1X16 = 16)**

| | |
|---|---|
| **21.** | कर, बाहु केका पर्यावाची रूप हुन्?<br>i. किरण।<br>ii. हात।<br>iii. पाउ।<br>iv. चरण। |
| **22.** | प्रतिशब्दलाई .... पनि भनिन्छ?<br>i. अनेकार्थक शब्द।<br>ii. भिन्नार्थक शब्द।<br>iii. सार शब्द।<br>iv. पर्यायवाची शब्द। |
| **23.** | परिणाम र परिमाणको सही अर्थ हो-?<br>i. मल र जल।<br>ii. फल र नाप।<br>iii. नयाँ र पुरानो।<br>iv. उतीर्ण र अनुत्तीर्ण। |
| **24.** | भिन्नार्थ शब्दलाई के पनि भनिन्छ?<br>i. विपरीतार्थक शब्द।<br>ii. प्रतिशब्द।<br>iii. अनेकार्थक शब्द।<br>iv. समोच्चरित शब्द। |
| **25.** | तल दिइएका शब्द र अर्थमध्ये कुन जोड़ी सही छैन?<br>i. अभिराम-सुन्दर।<br>ii. कृति-नाम।<br>iii. उपकार-भलाई।<br>iv. गर्व-अङ्कार। |
| **26.** | द्वेष-को सही अर्थ के हो?<br>i. राज्य।<br>ii. ईर्ष्या।<br>iii. अहिंसा।<br>iv. दया। |

| | |
|---|---|
| **27.** | **लोचन, दृग आदि केका पर्यायवाची रूप हुन्?**<br>i. कान।<br>ii. नाक।<br>iii. आँखा।<br>iv. मुख। |
| **28.** | **चञ्चलको विपरीत के हो?**<br>i. अचञ्चल।<br>ii. निश्चल।<br>iii. स्थिर।<br>iv. अञ्चल। |
| 29. | **जात, पेशा आदि बुझाउने शब्दको अन्त्यमा के हुन्छ?**<br>i. लघु।<br>ii. गुरु।<br>iii. स्वरवर्ण।<br>iv. हलन्त। |
| **30.** | **निम्नलिखित कुन शब्दको हिज्जे शुद्ध छैन?**<br>i. बुद्धि।<br>ii. व्यापारी।<br>iii. कृषि।<br>iv. उन्नति। |
| **31.** | **दिइएका वाक्यमध्ये कुन वाक्यमा पत्र शब्दको सही प्रयोग भएको छैन?**<br>i. म उसलाई पत्र लेख्छु।<br>ii. पन्ध्र दिनको एक पत्र हुन्छ।<br>iii. छालाको पत्र उक्किएर गयो।<br>iv. मेरो किताबमा पचास पत्र छन्। |
| **32.** | **आरम्भको विपरीत.... हो?**<br>i. प्रारम्भ।<br>ii. विलम्ब।<br>iii. शेष।<br>iv. पराजय। |

| | |
|---|---|
| **33.** | पात, चिट्ठी, बोक्रा, आदि केका अनेकार्थक रूप हुन्?<br>i. पत्र।<br>ii. अर्थ।<br>iii. सङ्ख्या।<br>iv. कर्म। |
| **34.** | निम्नलिखित मध्ये कुन शब्दको पर्यायवाची रूप सही छैन?<br>i. पति-रमण, कान्त।<br>ii. पात-पत्र, पाना।<br>iii. नदी-तारिका, निहारिका।<br>iv. हर्ष-आमोद, प्रमोद। |
| **35.** | शत् र ''सत''-को सही अर्थ हो -<br>i. सात र सत्र।<br>ii. सय र सत्य।<br>iii. सात र सत्तरी।<br>iv. सय र सत्तरी। |
| **36.** | जीवनको विपरीत के हुन्छ?<br>i. आजीवन।<br>ii. मरण।<br>iii. जिन्दगानी।<br>iv. मिलन। |
| **37.** | निम्नलिखित कुन वाक्य सही छ?<br>i. उसको आमा हिजो आएको थियो।<br>ii. उसकी आमा हिजो आएको थियो।<br>iii. उसकी आमा हिजो आएखी थिए।<br>iv. उसकी आमा हिजो आएकी थिइन्। |
| **38.** | आदित्य, भाष्कर, प्रभाकर आदि केका पर्यायवाची रूप हुन्?<br>i. पृथ्वी।<br>ii. अग्नि।<br>iii. सूर्य।<br>iv. चन्द्र। |

## खण्ड - ग (साहित्य)

**तल दिएका गद्यांश ध्यानपूर्वक पढ़ेर प्रश्नसङ्ख्या 39 देखि 44 सम्मका 6 वटा प्रश्नमध्ये कुनै 5 प्रश्नका उत्तर दिनुहोस् ।** **(1X5 = 5)**

जुठे चोखो नितो पनि निकै गर्थ्यो। बिहानै धारामा गएर नुहाउँथ्यो। नुहाइसकेपछि पँधेर्नीहरूले लुगा पकाएको ठाउँको खरानीको विगुत लाएर विद्युतको सरि रूप लिई गगनमा उड़नु भयो झट तसै भन्ने स्तोत्र पाठ गर्थ्यो।

जुठेका गृहस्थी जीवनसँग आफ्नो जीवनको तुलना गरेर चामे बहुतै दु:खी हुन्थ्यो। जुठेकहाँ खानपिन गरेर विराटपर्व पढ्ने बेलामा आफ्ना घरमा रुवाबासी चल्छ। जुठेका लोग्ने स्वास्नीको त्यस्तो माया-प्रीति छ। दु:ख- सुखका कुरा गरेर सँगै हिँड़छन् आफ्नी स्वास्नी चाहीँ झगड़ा गरेर माइततिर हिँड्छे। बिहा भएको यतिका दिन भइसक्यो कहिल्यै मुखले बोलेको थाहा छैन। फेरि एउटा भएको भैँसी पनि नजीक पर्न दिँदैन। आफू त माइत गई-गई भैसीँलाई पनि एकहाते पारेर गई। यो भैँसीले गर्दा गालामा कोकलेको लबटो पऱ्यो। भीरबाट घँच्याड़ि दिउँ भने साहूको डोको। भोलि आएर साहुले बाँध्छ। आफूले जूठो-चूलो नगरे भोकै बस्नुपर्छ। यस्तो छुसी जिन्दगी बिताउनु भन्दा खरानी धसेर हिँड्नु जाती।

**39.** **जुठे दमाइको गृहस्थी जीवन कस्तो थियो?**
i. चामे र गौंथलीको जस्तो।
ii. माया, प्रेम र आनन्दले भरिएको।
iii. तनाव, ईर्ष्या तथा अहंकारले पूर्ण।
iv. दु:ख कष्ट परिमर्काले भरिएको।

**40.** **कोकलेको लबटो कसका गालामा पऱ्यो?**
i. जुठे दमाइको।
ii. धनवीरेको।
iii. चामेको।
iv. गौंथलीको।

**41.** **भैंसीलाई एक हाते पार्नुको सही अर्थ हो-**
i. भैंसी बिरामी हुनु।
ii. भैंसीले धेरै दूध दिनु।
iii. भैंसीले एकजनालाई मात्र दूध दिनु।
iv. भैंसी दाम्लो छिनाएर भाग्नु।

**42.** **खरानी धसेर हिँड़नु को वास्तविक अर्थ हुन्छ-**
i. खरानीले भाँड़ा माझ्नु।
ii. खरानी भएको ठाउँमा बस्नु।
iii. जोगी भएर हिँड्नु।
iv. सेतो चन्दन लगाउनु।

**43. कोकलेको गालामा लबटो किन पऱ्यो?**

i. चामे मातेर घर नआएकोले।

ii. चामेको भैंसीले कोकलेको मकै बिगारेकोले।

iii. धनवीरेले चामेलाई गाली गरेकोले।

iv. गौंथलीले चामेलाई छाड़ेर गएकाले।

**44. छुसी को अर्थ के हो?**

i. तुच्छ।

ii. सुखमय।

iii. शानपूर्ण।

iv. गौरवशाली।

**तल दिएका पद्यांश ध्यानपूर्वक पढ़ेर प्रश्नसङ्ख्या 45 देखि 50 सम्मका 6 वटा प्रश्नमध्ये कुनै 5 प्रश्नका उत्तर दिनुहोस् (कुनै पाँच) (1X5 = 5)**

कवि कलाकारको मुखमा
ताराको गुणगान छ
उनीहरूकै तथ्य खोज्नमा
व्यस्त विज्ञान छ।
पृथ्वीका जीवले आकाशका ती तारालाई मात्र
देख्छन् तारा टाढा देख्ने ती आँखाले
देख्न सकेनन्-वरिपरि
पृथ्वीका तारा
चामे, रामे, हर्के, वीरे कति तारा
छन् पृथ्वी मै तर देख्ने कसले?
तारा भएरै पनि ती विचरा
गाँस वासको डोहो-डोहोले
पिई आँसुका नूनिला धारा
गनी-गनी टाढ़ाका तारा
कुकुर जस्तै हीन भएर
बिताइरहेछन् जीवन सारा
आकाशका तारा के तारा।
न उनमा छ आफ्नोपन क्यै!
एक सूर्यको ज्योतिमा नै
ती ताराको अस्तित्व हराउँछ,
तर यी तारा
हर्के, वीरे, चामे सारा
कसले चिन्ने यिनीहरूलाई?

चिन्न सके त-
एक हर्केमा, एक वीरेमा
एकेक सूर्यको शक्ति निहित
एक चामेको, एक रामेको
विवेक-ज्योतिले विश्व सिंगार्छ।

| | |
|---|---|
| **45.** | **यस पंक्तिका रचनाकार को हुन्?**<br>i. बालकृष्ण सम।<br>ii. हरिभक्त कटुवाल।<br>iii. लक्ष्मीप्रसाद देवकोटा।<br>iv. राजेन्द्र भण्डारी। |
| **46.** | **सूर्यको जस्तो शक्ति कोसँग हुन्छ?**<br>i. आकाशका तारा।<br>ii. ग्रह, नक्षत्र।<br>iii. पृथ्वीका तारा।<br>iv. टाढ़ाका वस्तु। |
| **47.** | **कवि कलाकार र विज्ञानले कुन तारालाई मात्र देख्छन्?**<br>i. वरिपरि भएका ताराहरूलाई।<br>ii. आकाशमा भएका ताराहरूलाई।<br>iii. रूखमा फुल्ने फूलहरूलाई।<br>iv. रामे, चामेहरूलाई। |
| **48.** | **गाँसवासको डोहोले भन्नुको अर्थ के हो?**<br>i. लगाउने र हिँड्ने कुराको अभाव।<br>ii. सुख र शान्तिले पूर्ण।<br>iii. सुन्दर र समृद्धशाली वासस्थान।<br>iv. खाने र बस्ने ठाउँको अभाव। |
| **49.** | **हाम्रो दृष्टि कस्तो छ?**<br>i. नजीकका कुरालाई मूल्य, मान्यता दिने।<br>ii. टाढ़ाका कुरालाई लत्याउने।<br>iii. वरिपरिको उपयोगी व्यक्ति वा वस्तु नचिन्ने।<br>iv. सबैलाई बराबर नजरले हेर्ने। |

| | |
|---|---|
| **50.** | कुन ताराको अस्तित्व चाँडै हराउँछ?<br>i. रामे, चामे।<br>ii. हर्के, वीरे।<br>iii. वरिपरिका रत्न।<br>iv. आकाशका तारा। |
| तल दिएका प्रश्नसङ्ख्या **51** देखि **58** सम्मका 8 वटा प्रश्नमध्ये कुनै **4** प्रश्नका उत्तर दिनुहोस्। **(1X4 = 4)** | |
| **51.** | इस पढ्छु तेरो कविता कसको रचना हो?<br>i. लक्ष्मीप्रसाद देवकोटा।<br>ii. बालकृष्ण सम।<br>iii. राजेन्द्र भण्डारी।<br>iv. हरिभक्त कटुवाल। |
| **52.** | के नभएसम्म हाम्रो देश बन्दैन?<br>i. मिरमिरेमा तारा झरेर नगए।<br>ii. दुइ चार सपुत नभए।<br>iii. हामीले अन्न नफलाएसम्म।<br>iv. पर्यावरण नबचाएसम्म। |
| **53.** | इस पढ्छु तेरो कवितामा कविले आफ्नो छोरो कहाँ पढ्दैछ भनेका छन्?<br>i. बेंगलोरमा।<br>ii. ग्वालियरमा।<br>iii. गुवाहटीमा।<br>iv. दिल्लीमा। |
| **54.** | कविले कानूनको जिम्मा कसलाई दिएको छु भनेका छन्?<br>i. अदालतलाई।<br>ii. पुलिसलाई।<br>iii. रुपियाँलाई।<br>iv. सैनिकलाई। |

| | |
|---|---|
| **55.** | कविको भनाइमा आजको युवा पुस्ताले धर्म, मानवाधिकार, दया, क्षमा करूणा आदिलाई के भनेर तिरस्कार गर्छन्?<br>i. छिःछि।<br>ii. आक् थू।<br>iii. वाक् वाक्।<br>iv. छ्या। |
| **56.** | हामीले के नगरे इतिहासले धिक्कार्नेछ?<br>i. लड़ाइ नगरे।<br>ii. कर्तव्य बिर्से।<br>iii. अन्न नफुलाए।<br>iv. शहीदलाई नरुवाए। |
| **57.** | घाँटीमा फाँसीको माला लाई वीरले हाँस्दा के भाग्दछ?<br>i. स्वतन्त्रता।<br>ii. स्वाधीनता।<br>iii. दासता।<br>iv. सफलता। |
| **58.** | हामीले आफ्नो कर्तव्य नगरे केले मुख लाजले छोप्छ?<br>i. शहीदले।<br>ii. आकाशले।<br>iii. सपूतले।<br>iv. धरतीले। |

•

# भाग-दुई
## खण्ड एक (कथा बिम्ब)

निम्नलिखित प्रश्नहरूका उत्तर लेख्नुहोस्।

| | | |
|---|---|---|
| **59.** | कमलले कस्तो सपना देखेकी थिई?<br>**अथवा**<br>कमलले आफ्नो दाज्यूलाई मार्न खोज्नुको कारण के थियो? | 2 |
| **60.** | प्रायश्चित कथाकी पात्रा कमलाले के-के काम गर्नुपर्थ्यो? | 2 |
| **61.** | प्रायश्चित कथाको कथाकारको नाम लेख्दै यसमा रहेका कुनै चार पात्रहरूको नाम लेख्नुहोस्।<br>**अथवा**<br>मोतीले राम्रो सलवार-कुर्ता बनाइदिन अनुरोध गर्दा लक्ष्मीले के भनेर सम्झाएकी थिइन्? | 3 |
| **62.** | सोनामणिको कुन-कुराले कमलको मुटुमा चिसो पसेको थियो? | 3 |

## खण्ड दुई (प्रतिभा परिचय)

निम्नलिखित प्रश्नहरूका उत्तर लेख्नुहोस् :

| | | |
|---|---|---|
| **63.** | डा. घनश्याम नेपालको जन्म कहाँ भएको थियो र उनी हालमा कहाँ कार्यरत छन् ? | 3 |
| **64.** | डा. घनश्याम नेपालले साहित्यका क्षेत्रमा प्राप्त गरेका कुनै चारवटा पुरस्कारका नाम लेख्नुहोस्? | 2 |

## खण्ड तीन (साहित्य सुधा)

निम्नलिखित प्रश्नहरूका उत्तर लेख्नुहोस्

**65.** सप्रसङ्ग व्याख्या गर्नुहोस् : 4

''अहिले कता कता त्यो वृष्टि र कुइरोभित्र उसलाई बिहान हुँदै आएको आशाको धमिलो प्रकाश देखेजस्तो लाग्यो। शङ्काको निवारणमा घरभित्र डोकोले छोपेको ठूलो भाले पखेटा भ्याट्-भ्याट् गर्दै बास्यो।''

**66.** ''फेरसको कुरा सुनेर अवाक बनेका डाक्टर नानो मनभरि विस्मय र पीडा लिएर लुरूलुरू प्रयोगशाला फर्किए।'' उक्त वाक्यमा डा. नानो के-कस्ता कारणले अवाक बनेका हुन्? 4

| | | |
|---|---|---|
| **67.** | डा. नानो कथाको कथाकारको नाम लेख्दै डा. नानोले स्थापना गरेको प्रयोगशालाको नाम लेख्नुहोस्।<br>**अथवा**<br>कालेका बाउ र आमा कतिबेला नाटकमा माग्नेको पाठमा खेल्न तयार भएका जस्ता देखिए? | 2 |
| | **खण्ड चार (लेखाइ एवं रचना कौशल)** | |
| **68.** | **निम्नलिखित कुनै एक विषयमा 150 शब्दसम्मको रोचक निबन्ध रचना गर्नुहोस्**<br>अ. विद्यार्थी जीवन।<br>आ. विश्वमा कोरोना प्रभाव। | 5 |
| **69.** | **विद्या नै सर्वश्रेष्ठ धन हो भन्ने कुराको जानकारी गराउँदै विद्यालयका प्राचार्यलाई दुई दिनको विदाको निम्ति निवेदन लेख्नुहोस्।** | 5 |
| **70.** | **नेपालीमा अनुवाद गर्नुहोस् :**<br>**i.** You have to reach the Station before the train come.<br>**ii.** Health is Wealth<br>**iii.** Yesterday Sita had gone to School<br>**iv.** The Children are Playing football and vollyball<br>**v.** The Students are running here and there | 5 |
| | • | |